भविष्यमा त्यस्ता शासकहरू आउनेछन्, जसका केही कार्यहरू तिमीहरूलाई राम्रा लाग्नेछन् र केही नराम्रा। यस्तो अवस्थामा जसले तिनीहरूका (नराम्रा कार्यहरूलाई) नराम्रो मान्नेछ, उ पापबाट मुक्त हुनेछ। र जसले तिनीहरूका नराम्रा कामहरूलाई नराम्रो भनेर इन्कार गर्नेछ, ऊ सुरक्षित रहनेछ। तर जो (तिनीहरूका नराम्रा कामहरूबाट) सन्तुष्ट रहनेछ र तिनीहरूको अनुसरण गर्नेछ, (ऊ दोषी ठहरिनेछ)।

मुस्लिमहरूको आमा उम्मे सलमाले बयान गरेकी छिन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : "भविष्यमा त्यस्ता शासकहरू आउनेछन्, जसका केही कार्यहरू तिमीहरूलाई राम्रा लाग्नेछन् र केही नराम्रा। यस्तो अवस्थामा जसले तिनीहरूका (नराम्रा कार्यहरूलाई) नराम्रो मान्नेछ, उ पापबाट मुक्त हुनेछ। र जसले तिनीहरूका नराम्रा कामहरूलाई नराम्रो भनेर इन्कार गर्नेछ, ऊ सुरक्षित रहनेछ। तर जो (तिनीहरूका नराम्रा कामहरूबाट) सन्तुष्ट रहनेछ र तिनीहरूको अनुसरण गर्नेछ, (ऊ दोषी ठहरिनेछ)।" साथीहरूले सोधे, "के हामी उनीहरूसँग युद्ध गरौं?" उहाँले भने, "होइन, जबसम्म उनीहरू नमाज पढिरहन्छन् (तबसम्म युद्ध नगर्नु) ।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: हामीमाथि यस्ता हाकिमहरू नियुक्त हुनेछन्, जसका केही कार्यहरू हामीले शरीअत इस्लामी कानुन) सँग मेल खाने भएकोले स्वीकार गर्नेछौं, र केही कार्यहरू हामीले शरीअतको उल्लङ्घन भएकोले अस्वीकार गर्नेछौं। यस्तो अवस्थामा, यदि कुनै व्यक्ति मुन्कर (गलत कार्य) लाई प्रत्यक्ष रूपमा इन्कार गर्न असमर्थ छ र उसले त्यसलाई आफ्नो हृदयदेखि नै नराम्रो ठान्छ भने, त्यो व्यक्ति पाप र पाखण्डबाट मुक्त मानिन्छ । त्यसैगरी जो व्यक्ति हात वा वचनद्वारा गलत कामलाई रोक्ने सामर्थ्य राख्छ र त्यसलाई अस्वीकार गर्छ, ऊ पाप र त्यसमा सहभागी हुने अवस्थाबाट सुरक्षित रहन्छ। तर जसले उनीहरूको गलत कर्मलाई मनपराउँछ र त्यसमा उनीहरूको अनुसरण गर्छ, ऊ पनि उनीहरूजस्तै विनाश हुनेछ। तब सहाबाहरूले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) लाई सोधे, 'के हामीले त्यस्ता शासकहरूसँग युद्ध गर्नु हुँदैन?' उहाँले उनीहरूलाई त्यसो गर्नबाट रोक्दै भन्नुभयो, 'होइन, जबसम्म उनीहरूले नमाजको स्थापना गर्छन्, तबसम्म युद्ध नगर्नु।'

http://sunnah.global/hadeeth/ne/show/3481